**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेड**

**नारायणगढ, चितवन**

लेखा परीक्षण नभएको वित्तीय नतिजा

आर्थिक वर्ष २०७२।०७३ को दोस्रो त्रैमासमा (रूपैयामा)

| क्रस. | पूंजी तथा दायित्व | यस त्रैमास २०७२ पौष | गत त्रैमास २०७२ आश्विन | गत आ.व. २०७१ पौष |
|---|---|---|---|---|
| १ | कूल पूंजी तथा दायित्व | ३,८८३,३०१,०७९।०८ | ३,७५३,३३९,९२८।८१ | २,७२५,१७५,६९७।९३ |
| १.१ | चुक्ता पूंजी | २५७,९२३,८४५।०० | १७१,९४९,२३०।०० | १७१,९४९,२३०।०० |
| १.२ | जगेडा तथा कोषहरू | २२७,२५२,६१९।८५ | ३५४,९९९,९०१।५६ | १६७,६५५,६२६।९९ |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | सापटी | २,३०५,९३९,६९४।४५ | २,१९९,२८८,६४७।६५ | १,५६९,२७१,६४५।५३ |
| १.५ | निक्षेप दायित्व | *९७८,७१६,२८४।००* | *९०४,८३२,२२०।००* | *६९७,५३४,५१३।००* |
| १.५.१ | समुहगत | ९७८,७१६,२८४।०० | ९०४,८३२,२२०।०० | ६९७,५३४,५१३।०० |
| १.५.२ | सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | - | १८,४९४,००३।०० | २,७१२,५०८।४९ |
| १.७ | अन्य दायित्व | ११३,४६८,६३५।७८ | १०३,७७५,९२६।६० | ११६,०५२,१७३।९२ |
| २. | कूल सम्पत्ति | ३,८८३,३०१,०७९।०८ | ३,७५३,३३९,९२८।८१ | २,७२५,१७५,६९७।९३ |
| २.१ | नगद तथा बैंक मौज्दात | ५४९,९५७,७७९।३१ | ४०२,२१९,४५६।०२ | ३०२,५०५,६३३।१९ |
| २.२ | माग तथा अल्पसूचनामा प्राप्त हुने | - | - | - |
| २.३ | लगानी | १०,०००।०० | १०,०००।०० | २०,०१०,०००।०० |
| २.४ | कर्जा तथा सापट | ३,१८५,१९५,०६०।०० | ३,१५२,३६८,२४५।०० | २,२७६,२११,४५५।०० |
| २.५ | स्थिर सम्पत्ति | १६,९४६,९२८।३० | १४,८१३,३९२।०८ | १५,६९९,६४४।६५ |
| २.६ | गैर बैंकिङ सम्पत्ति | - | - | - |
| २.७ | अन्य सम्पत्ति | १३१,१९१,३११।४७ | १८३,९२८,८३५।७१ | ११०,७४८,९६५।०९ |
| ३ | **नाफा नोक्सान हिसाव** | **यस त्रैमास २०७२ पौष** | **गत त्रैमास २०७२ आश्विन** | **गत आ.व. २०७१ पौष** |
| ३.१ | व्याज आम्दानी | २९३,९४४,४०९।०० | १४५,९९२,५८८।०० | २१७,४८८,३४५।६६ |
| ३.२ | व्याज खर्च | ७६,०७१,१३०।६७ | ३५,२१६,६५९।६२ | ६०,५१०,५१९।२० |
| क. | खूद ब्याज आम्दानी | २१७,८७३,२७८।३३ | ११०,७७५,९२८।३८ | १५६,९७७,८२६।४६ |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | - | - | १६२,५३१।२० |
| ३.४ | अन्य सञ्चालन आम्दानी | २८,२९८,५७२।६८ | १४,९४८,४४९।५२ | १८,६३२,४३५।०५ |
| ख | कूल सञ्चालन आम्दानी | २४६,१७१,८५१।०१ | १२५,७२४,३७७।९० | १७५,७७२,७९२।७१ |
| ३.५ | कर्मचारी खर्च | ६३,४३९,७६६।०७ | ३६,२१७,९४६।४० | ४८,२९०,२१६।८८ |
| ३.६ | अन्य सञ्चालन खर्च | २०,८३९,६५५।९२ | १०,४५८,७११।५१ | १८,७४४,७३८।९१ |
| ग | नोक्सानी ब्यवस्था अघिको सञ्चालन नाफा | १६१,८९२,४२९।०२ | ७९,०४७,७१९।९९ | १०८,७३७,८३६।९२ |
| ३.७ | सम्भावित नोसानी व्यवस्था | ४१,२९५,२७६।०० | १८,९४४,०३६।०० | ३,४६८,५३०।०० |
| घ | सञ्चालन नाफा | १२०,५९७,१५३।०२ | ६०,१०३,६८३।९९ | १०५,२६९,३०६।९२ |
| ३.८ | गैर सञ्चालन आम्दानी/ खर्च (खुद) | - | - | - |
| ३.९ | सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | १८,५८९,९०७।०० | ७,६९४,२३०।०० | - |
| ङ | नियमित कृयाकलापबाट नाफा | १३९,१८७,०६०।०२ | ६७,७९७,९१३।९९ | १०५,२६९,३०६।९२ |
| ३.१० | असामान्य कारोवारबाट भएको आम्दानी/ खर्च (खूद) | १३,४३०।०० | १३,४३०।०० | २२,२१९।०० |
| च | बोनस र कर अघिको नाफा | १३९,२००,४९०।०२ | ६७,८११,३४३।९९ | १०५,२९१,५२५।९२ |
| ३.११ | कर्मचारी बोनस ब्यवस्था | १२,६५४,५९०।०० | ६,१६४,६६८।०० | ९,५७१,९५७।०० |
| ३.१२ | आयकर व्यवस्था | ३७,९६३,७७०।०० | १८,४९४,००३।०० | २८,७१५,८७१।०० |
| छ | खूद नाफा/नोक्सान | ८८,५८२,१३०।०२ | ४३,१५२,६७२।९९ | ६७,००३,६९७।९२ |
| ४ | अनुपातहरू | **यस त्रैमास २०७२ पौष** | **गत त्रैमास २०७२ आश्विन** | **गत आ.व. २०७१ पौष** |
| ४.१ | पूंजीकोष / जोखिम भारित सम्पत्ति | १४।७६ | १६।२७ | १४।४३ |
| ४.२ | निष्कृय कर्जा/ कूल कर्जा | २।४० | ०।७१ | ०।३६ |
| ४.३ | सम्भावित नोसानी ब्यवस्था/ कूल निष्कृय कर्जा | ७४।३९ | २१७।३१ | ३५६।१६ |
| ४.५ | पूंजीको लागत | ५।२२ | ५।३५ | ५।४३ |
| ४.६ | निक्षेप कर्जा अनुपात | ३०।१८ | २८।२६ | ३०।२५ |

नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखा परिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ नियम २२ उपविनियम (२)संग सम्बन्धित अनुसुची १४ बमोजिमको**
**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको आ.व. २०७२/०७३ को दोस्रो त्रैमासिक बिवरण**

१. **प्रमुख वित्तीय बिवरण :**

क. **त्रैमासिक अवधिको वासलात, नाफा -नोक्सान हिसाब सम्बन्धी बिवरणः** यस बैंकको वासलात,नाफा-नोक्सान सम्वन्धि बिवरण यसैसाथ प्रकाशित गरिएको छ।

ख. **न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छ ।**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रू.३४।३४ | प्रति शेयर नेटवर्थ | रू.१८८।११ |
| प्रति शेयर बजार मूल्य | रू.१७५०।०० | प्रति शेयर कुल सम्पतिको मूल्य | रू.१५०५।६० |
| मूल्य आम्दानी अनुपात | ५०।९५ | तरलता अनुपात | १६।७४ |

२. **ब्यवस्थापकीय बिश्लेषण :**

क. **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः** कारोवारको बृद्धिसंगै संस्थाको मौज्दात, आम्दानी, र तरलतामा सकारात्मक रूपमा वृद्धि भएको छ।

ख. **आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक बिवरण** : बैंकको ब्यवसायिक स्थिति योजना अनुरूप सन्तोषजनक रहेको छ । बैंक राष्ट्रिय स्तरमा रहि हाल सम्म ३६ बटा जिल्लामा ६८ बटा शाखा मार्फत गुणस्तरीय सेवा प्रदान गरिरहेको साथै नयां कार्यक्रम बिस्तार गर्दा लघुबित्त सेवा नपुगेका क्षेत्र तथा जिल्लाहरूलाई प्राथमिकता दिईएको छ । बैंकको आम्दानी तथा तरलता राम्रो रहेको छ साथै वार्षिक कार्ययोजना अनुरूप कार्यक्रम सञ्चालन भईरहेको छ। यस त्रैमासको अन्त्य सम्ममा बैंकले हासिल गरेको लक्ष तथा प्रगती निम्नानुसार रहेका छनः

| बिबरण | यस त्रैमाससम्मको | | यस आ.व.को अन्त्यसम्मको |
|---|---|---|---|
| | लक्ष्य | प्रगती | लक्ष्य |
| कुल सदस्य संख्या | १,१८,८०५ | १,१२,८९७ | १३९१,,०० |
| लगानीमा रहेको कर्जा | रू.३,२७,४४,५८,००० | रू.३,२४,३०,१७,९०१ | रू.३,८८,५६,०६,००० |
| कुल बचत तथा निक्षेप | रू.९६,४४,०३,००० | रू.९७,८७,१६,२८४ | रू.१,१६,७४,४४,००० |

ग. **बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरण** : देशमा गएको महाभुकम्प जस्ता दैवीविपत्तिहरू, विगत लामो समय देखि भएको तराई आन्दोलन तथा नाकाबन्दी, ईन्धन समस्या, बाणिज्य बैंकहरूले लिने ब्याजदर, लघुवित्त संस्थाहरूमा देखिएको कर्जा दोहोरोपना आदि कारणले बैंकलाई असर पर्न सक्छ तथापी बैंकले तय गरेको कार्यनीति तथा ब्यबस्थापनका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन । बैंकले भविष्यमा पनि तात्विक असर पार्न सक्ने घटना वा अबस्था आउन नदिन आबश्यक नीति नियमको तर्जुमा गरि अघि बढ्ने नीति लिएको छ।

३. **कानुनी कारवाही सम्वन्धि बिवरण** :यस त्रैमाससम्ममा यस बैंक तथा यसका सञ्चालकहरू माथि कानुनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषण :**

क. **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणाः** यस बैंकको शेयर कारोवार सम्वन्धमा शेयरको खरिदकर्ता र बिक्रेताबिच हुने स्वस्थ्य प्रतिस्पर्धामा बैंकले मूल्यमा असर पर्ने गरी कुनै भूमिका खेलेको छैन । बजारमा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

ख. **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ । ( नेपाल स्टक एक्सचेन्जको वेभसाईटमा आधारित)

| अधिकतम मूल्य : | न्युनतम मूल्य : | अन्तिम मूल्य : | कारोवार भएको कुल दिन | कारोवार भएको कुल संख्या |
|---|---|---|---|---|
| रू.२,२९९ | रू.१,४२२ | रू.१,८०३ | ५७ | १,१२,९३८ |

५. **समस्या र चुनौती :**

**क.** संख्यात्मक रूपमा बृद्धि भएको वित्तीय संस्थाहरूको शाखा बिस्तारले लघुवित्त क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा ।

**ख.** प्राकृतिक बिपत्ति (भुकम्प तथा बाढी पहिरो ) बाट सृजना भएको चुनौती ।

**ग.** देशमा भइरहेको आन्दोलन, बन्द हड्ताल तथा इन्धन अभावले ल्याउने चुनौती ।

६. **संस्थागत सुशासनः** बैंकको संस्थागत सुशासनका लागि कम्पनीको लेखापरीक्षण समिति, संचालक समिति, जोखिम ब्यवस्थापन समिति कर्मचारी सम्बन्ध समिति लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समिति मार्फत कम्पनीको ब्यावसायिक योजना तथा कार्यक्रमको नीति तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन हुदै आईरहेको छ । बैंकका सञ्चालक र कर्मचारीहरू नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको संस्थागत सुशासन सम्वन्धि निर्देशनहरू पालना गर्न सदैव प्रतिवद्ध रही कार्य गरिरहेका छन् ।

७. **सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजको मितिसम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म ब्यात्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिबरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।